सुवर्ण अवसर ।        सुवर्ण अवसर ।।        सुवर्ण अवसर ।।।

प्रथम पटक सूचना प्रकाशन मिति: २०८३ भाद्र ३० गते

प्लान इन्टरनेशनल नेपाल र बाँके युनेस्को क्लबको साझेदारी तथा मधुवन र ठाकुरबाबा नगरपालिकाको समन्वयमा बर्दिया जिल्लाको मधुवन र ठाकुरबाबा नगरपालिकाभित्र **प्लान इन्टरनेशनल नेपालका प्रत्याभूत परिवारका सदस्य, जलवायु परिवर्तनको जोखिममा रहेका, अति विपन्न परिवारका युवा, महिला तथा सीमान्तकृत युवाहरूको आर्थिक सशक्तीकरण** गर्दै समावेशी, जलवायु-मैत्री तथा बजारमुखी अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने उद्देश्यले **"रुपान्तरण र नवप्रर्वधनका लागि युवा सशक्तिकरण परियोजना-दोस्रो चरण"** परियोजना सञ्चालनमा रहेको छ । यस परियोजनाले युवाहरूलाई दिगो व्यावसायिक उद्यम स्थापना तथा सञ्चालन गर्न आवश्यक ज्ञान, सीप र आत्मविश्वास प्रदान गर्नुका साथै उद्यमशील सोचको विकासमा जोड दिनेछ । साथै, स्थानीय बजारमा उदाउँदै गरेका अवसरहरूसँग मेल खाने नवीन तथा सम्भावनायुक्त व्यवसाय पहिचान, विकास र विस्तार गर्न युवाहरूलाई सक्षम बनाउने उद्देश्य रहेको छ । यसै परियोजना अन्तर्गत **मधुवन नगरपालिकाबाट ५० जना युवा छनौट** गरी उद्यमसम्बन्धी सीप तथा क्षमता विकास तालिम प्रदान गरिनेछ । छनौटमा प्लान इन्टरनेशनल नेपालका प्रायोजित परिवारका सदस्यहरू, विशेषगरी दलित, जनजाति, गरिब, विपन्न तथा विपद्का कारण विस्थापित परिवारका युवाहरूलाई प्राथमिकता दिइनेछ । उद्यमसम्बन्धी सीप तथा क्षमता विकास तालिम प्राप्त गरी स्वरोजगार तथा सीपमा आधारित व्यवसाय सञ्चालन गर्न इच्छुक, तल उल्लिखित योग्यता तथा मापदण्ड पूरा गरेका युवाहरूबाट **यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र** दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

१. दरखास्त दिँदा दरखास्त फारामका साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा परिचय खुल्ने अन्य आधिकारिक कागजात संलग्न गर्नुपर्नेछ । दरखास्त फाराम तोकिएका आवेदन केन्द्रहरूबाट वा उपलब्ध गराइएको **QR Code स्क्यान** गरी प्राप्त गर्न सकिनेछ ।

**QR Code स्क्यान**

२. आवेदकको उमेर १८ वर्षदेखि २८ वर्षभित्र हुनुपर्नेछ । सहभागी छनौटमा ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुषको सहभागिता सुनिश्चित गरिनेछ ।

३. सीप सिकेर आफ्नै व्यवसाय सञ्चालन गर्न वा सीपमा आधारित स्वरोजगारमूलक काम गर्न इच्छुक तथा सो व्यवसाय/कामलाई निरन्तरता दिन प्रतिबद्ध हुनुपर्नेछ ।

४. न्यूनतम कक्षा ८ उत्तीर्ण गरेको हुनुपर्नेछ।

५. सहभागीहरूको माग, आवश्यकता तथा आपसी छलफलका आधारमा उपलब्ध स्थानीय स्रोत, बजार सम्भावना तथा रोजगारी/स्वरोजगारका अवसरलाई ध्यानमा राखी उद्यम तथा व्यवसायसम्बन्धी व्यावसायिक सीप तालिमहरू छनौट गरिनेछ।

**दरखास्त दिने स्थानहरू**

१. मधुवन नगरपालिका कार्यालय, उद्यम विकास शाखा

२. सम्बन्धित वडा कार्यालयहरू
- वडा नं. १ को कार्यालय
- वडा नं. २ को कार्यालय

३. थप जानकारीका लागि:

बाँके युनेस्को क्लब, फिल्ड कार्यालय, गुलरिया, बर्दिया, ९८५८०७३८७३, ९७६९४२३४०६, ९८४८१८७७६७

नोटः दरखास्त फाराम मधुवन नगरपालिका कार्यालयको उद्यम विकास शाखा, सम्बन्धित वडा कार्यालयहरू वा उपलब्ध QR Code स्क्यान गरी प्राप्त गर्न सकिनेछ।

**दरखास्त दिने अन्तिम मिति: २०८३ असोज ०५ गते सम्म ।**

CS CamScanner

# दरखास्त फारम

(उद्यम सम्बन्धि शिप र क्षमता विकास तालिम पश्चात स्वरोजगार तथा सिपमा आधारित उद्यमको शुरुवात गर्नको लागि इच्छुक व्यक्तिहरुको लागि मात्र)

पासपोर्ट साईज फोटो

१. आवेदकको पुरा नाम, थर :...........................................................................

२. स्थायी ठेगाना : ........................नगरपालिका : ..........................वडा नं. .............टोल

३. उमेर :..................................

४. नागरिकता नं : ..............................................जारी जिल्ला :......................................

५. सम्पर्क नम्बर : निवेदक....................................अविभावक.............................................

६. घरमुलीको नाम,थर :...................................................................................................

७. परिवारीक विवरण :.......................जम्मा ...................महिला....................पुरष

८. प्लानको प्रत्याभुत (प्रायोजित) परिवार सदस्य : हो ☐ होइन ☐ यदि हो भने कार्ड नम्बर : ..............................................

९. शैक्षिक योग्यता (√) चिन्ह लगाउनु होस् : क) समान्य लेखपढ गर्न सक्ने (साक्षर) ☐

ख) ८ कक्षा पास ☐ ग) १० कक्षा पास ☐ घ +2 पास ☐ ङ) स्नातक तह ☐

१०) पढाई निरन्तरताको अवस्था (√) चिन्ह लगाउनु होस् : क) छोडेको ☐ ख) निरन्तर ☐

११. तालिम पछि आनिवार्य व्यवसाय शुरु गर्न चाहेको : हो ☐ होइन ☐

१२. तालिम पछि स्वरोजगार हुन चाहको : हो ☐ होइन ☐

१३. परिवारको सदस्यमा अपाङ्गता भएको व्यक्ति : छ ☐ छैन ☐

यदि छ भने अपाङ्गताको किसिम : ...........................कार्ड छ वा छैन यदि छ भने कस्तो रङ्गको......

१४. परिवारको मुख्य पेशा वा व्यवसाय :.........................................................................

१५. आम्दानीको मुख्य स्रोत :...............................................................................

मासिक आम्दानी :................................. बार्षिक आम्दानी : ..............................................

१६. तपाई कुनै जोखिम वा विपदमा परेको भए उल्लेख गर्नुहोस् । ..............................................

CS CamScanner

१७. यदि तपाई व्यवसाय सुरु गर्नु भयो भने व्यवसायको बजार तपाईको घर देखि सबै भन्दा नजिकको बजारको नाम के हो र कति दुरीमा पर्छ ? ..........................................................................................

द्रष्टव्य : आवेदनको साथमा आवेदकले नागरिकताको प्रतिलिपि, वा परिचय खुल्ने कागजात, यदि प्यानको प्रत्याभुत परिवारको सदस्य हो भने उक्त बाच्चको कार्डको प्रतिलिपि अनिवार्य राख्नु पर्ने छ ।

*(यो तपाईको सुचनाहरु र कागजातहरु संस्थाले गोप्य राख्ने छ यो संस्थाको जिम्मेवारी पनि हो यस लाई नितान्त परियोजनाको लाभग्राही छनौटको प्रकृयाको लागि मात्र प्रयोग गरिने छ ।)*

**निवेदक :**

......................................

नाम :

ठेगाना :

मिति :

CamScanner